# आ.व. २०८०।८१ को

# बार्षिक नीति तथा कार्यक्रम

## मिति २०८०/०३/१९ गते मंगलवार

## लक्ष्मीपुर पतारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

महेशपुर पतारी, सिरहा ।

मधेश प्रदेश, नेपाल

प्रमुख अतिथि माननीय श्री राम शंकर यादव ज्यू,
बिशिष्ट अतिथि पूर्व संविधानसभा सदस्य एवम् ने.का. जिल्ला सभापति श्री राम चन्द्र यादव ज्यू,
बिशिष्ट अतिथि मधेश प्रदेश सभासदस्य श्री राजकुमार गुप्ता ज्यू,
बिशिष्ट अतिथि गाउँपालिकाका उपाध्यक्ष श्री अमरकला यादव ज्यू,
बिशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी श्री राजेन्द्र पाण्डे ज्यू
बिशिष्ट अतिथि नेपाली सेना चोहर्वा गणका गणपति श्री
बिशिष्ट अतिथि सिरहा जिल्ला प्रहरी प्रमुख श्री टेक लिम्बु लामा ज्यू
बिशिष्ट अतिथि सिरहा जिल्ला सशस्त्र प्रहरी प्रमुख श्री
प्रमुख प्रशासकिय अधिकृत श्री अशोक कुमार सिंह ज्यू,
अतिथि ने.का. प्रदेश सभासदस्य श्री शितल प्रसाद यादव ज्यू,
अतिथि ने.क.पा. एमाले प्रदेश कमिटि सदस्य श्री राम बिलाश साह ज्यू,
अतिथि ने.क.पा. एमाले जिल्ला कमिटि सदस्य श्री देव नारायण साह ज्यू,
अतिथि लक्ष्मीपुर पतारी गा.पा. भु.पु. अध्यक्ष श्री राम बल्लभ साह ज्यू,
अतिथि ज.स.पा.का नेता श्री केदारनाथ यादव ज्यू,
अतिथि ने.क.पा. एस. का नेता श्री जय प्रकाश यादव ज्यू,
अतिथी नेपाल जनमत पार्टिका नेता श्री हिरा लाल यादव ज्यू,
अतिथि नेकपा माओवादीका नेता श्री शैलेन्द्र यादव ज्यू,
अतिथी राजनैतिक व्यक्तित्व श्री बिरेन्द्र साह ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु,
श्री कार्यापालिका सदस्य ज्यूहरु,
श्री गाउँ सभाका सदस्य ज्यूहरु,
अतिथि नेपाली काँग्रेस जिल्ला सह सचिव श्री किरण बिसी ज्यू
अतिथि नेपाली काँग्रेस लक्ष्मीपुर पतारी गाउँपालिका सभापति श्री विद्यानन्द साह ज्यू
अतिथि नेपाली काँग्रेस लक्ष्मीपुर पतारी गाउँपालिका उप सभापति श्री कुसुम देवी यादव ज्यू
अतिथि नेपाली काँग्रेस गाउँपालिका ६ वटै वडाका बुथ सभापति ज्यूहरु
श्री विषयगत शाखाका संयोजक तथा कर्मचारीहरु
श्री प्रधानाध्यापक ज्यूहरु
श्री वडा सचिव ज्यूहरु, तथा उपस्थित अन्य कर्मचारी तथा सहयोगि साथीहरु ।
यस सभामा उपस्थित पत्रकार मित्रहरु, समाजसेवी, बुद्धिजिवी लगायत उपस्थित महानुभावहरु ।

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध पूर्वाधार तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको

छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४। गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५। सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६। सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

७। घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१। रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३। गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

४। युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५। ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ रोजगारी सृजना तथा उद्यम विकासमा उपयोग गर्नु।

७। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८। सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९। बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११। बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२। सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१३. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

यस गाउँपालिकामा चालु आ.व.मा ५ कि.मि. ग्राभेल सडक, ४ कि.मि. कच्ची सडक, ४ वटा कल्भर्ट निर्माण लगायतका भौतिक पुर्वाधारहरुको निर्माण भएकोछ । गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेकोछ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइने प्रयास भएको छ ।रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको बेरोजगारहरुलाई कामका लागि पारिश्रमिक तथा युवा रुपान्तरण पहल आयोजना मार्फत रोजगारी प्रदान गरिएको छ । यसबाट १२० जनालाई न्युनतम रोजगारी सृजना भएकोछ यस आ.व.मा नवजात शिशुहरुको संबैधानिक अधिकार सुनिश्चित गर्न आवश्यक रकमको व्यवस्था गरि पूर्ण खोपको अवस्था कायम गर्न सफल भएको छ । ५ वर्ष मुनिका बालबालिबाहरुको पोषण अवस्था मापन गरि कुपोषित बालबालिकाहरुलाई उपचार गरी सुधार तथा निको अवस्थामा ल्याउन सफल भएको । साठी वर्ष उमेर पुगी सकिएका र कामकाज गर्न कठिनाई भैरहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मान जनक विदाईको लागी पहल गरेको तथा १९ जना नयाँ महिला स्वास्थ्य स्वयं सेविकाहरु छनौट गरि आधारभुत तालिम दिलाउन सफल भएको छ । स्वास्थ्य संस्थाहरु बाट प्रदान हुने सेवाहरुको नतिजाहरु समयमै अन लाइन प्रतिवेदन गर्न गराउन स्वास्थ्यकर्मिहरुलाई DHIS2, ELMIS तालिम दिई कार्यान्वयनमा ल्याएकाछौ । स्थानिय सरकार र प्रदेश सरकारको आपसि समझदारि एवं सहकार्यमा लक्ष्मीपुर पतारी जनस्वास्थ्य प्रयोगशाला २०८० बैसाख देखि संचालनमा ल्याइएको छ । यस गा.पा.अन्तर्गत पिप्रा स्वास्थ्य चौकी र सितापुर स्वास्थ्य चौकीहरुमा संचालित बर्थिङ्ग सेन्टरहरु लाई व्यवस्थित गर्दै सुरक्षित प्रसुति सेवाको लगी निःशुल्क एम्बुलेन्स सेवा कार्यान्वयनमा रहेको छ ।

**सम्मानित समारोहमा उपस्थित महानुभावहरु,**

अब चालु आ.व. २०७९।०८० को जेष्ठ मसान्त सम्मको यथार्थ आय-व्यय र अगामी आ.व. २०८०।८१ को अनुमानित आय-व्यय विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहान्छु ।

गत आ.व. २०७८।७९ को छैठो गाउँसभा बाट चालु आ.व. २०७९।८० का लागि रु. ४५ करोड ३९ लाख ६९ हजार ७ सय ९० मात्र प्रस्तावित गरिएकोमा हाल सम्म प्राप्त हुन आएको रकम मध्ये २०८० जेष्ठ मसान्त सम्म चालु तर्फ रु. १८ करोड ३८ लाख २६ हजार ९ सय ६० मात्र खर्च भएको छ भने पुँजिगततर्फ रु. ४ करोड १९ लाख ४८ हजार ८ सय ३१ मात्र समेत जम्मा रु. २२ करोड ५७ लाख ७५ हजार ८ सय १ मात्र खर्च हुन गएको छ ।

**आगामी आ.व. २०८०।८१ को लागी यस गाँउपालिकाको अनुमानित बजेट यस प्रकार रहेको छ ।**

संघिय सरकारबाट प्राप्त राजस्व बाँडफाँड रकम रु. ८ करोड १९ लाख ६ हजार ।
संघिय सरकारबाट बित्तिय समानिकरण अनुदान रकम रु. ९ करोड ८९ लाख ।
संघिय सरकार शसर्त अनुदान रकम रु. १८ करोड ३० लाख ।
संघिय सरकार समपुरक अनुदान रकम रु. ५० लाख ।
मधेश प्रदेश बित्तिय समानिकरण अनुदान रकम रु. ७१ लाख १९ हजार ।
मधेश प्रदेश समपुरक अनुदान रकम रु. २० लाख ।
मधेश प्रदेश बिषेश अनुदान रकम रु. ३० लाख ।
गा.पा.को आन्तरिक राजस्व रकम रु. २ करोड १० लाख ।
चालु आ.व. २०७९।८० को बाकी मौज्दात अल्या रकम रु. ५ करोड ।
**कुल जम्मा अनुमानित आय रकम रु. ४५ करोड १९ लाख २५ हजार**

**आगामी आ.व. २०८०।८१ को लागी यस गाँउपालिकाको अनुमानित व्यय (खर्च) यस प्रकार रहेको छ।**

तलब भत्ता र कार्यालय संचालनको लागी रकम रु. ८ करोड ८० लाख २५ हजार ।
गाउँपालिका स्तरिय योजनाको लागि रकम रु. ९ करोड ४९ लाख ।
सम्पुरक कोषमा आवश्यक रकम रु. २ करोड ।
सशर्तको लागि तोकिएको रकम रु. १८ करोड ३० लाख ।
संघिय सरकार समपुरक अनुदान रकम रु. ५० लाख ।
मधेश प्रदेश बिषेश अनुदान रकम रु. ३० लाख ।
मधेश प्रदेश समपुरक अनुदान रकम रु. २० लाख ।
बिषयगत शाखाहरुको लागि आवश्यक रकम रु. २ करोड ।
६ वटै वडाहरुमा ६० लाख को दरले योजनाहरुको लागि आवश्यक जम्मा रकम रु. ३ करोड ६० लाख ।
**कुल जम्मा अनुमानित व्यय रकम रु. ४५ करोड १९ लाख २५ हजार**

उपस्थित महानुभावहरु

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**शिक्षा, संस्कृति र युवा तथा खेलकुद सम्बन्धि निति तथा कार्यक्रम**

१. "साक्षर र सिपयुक्त रोजगार , समृद्ध लक्ष्मीपुर पतारी गाउँपालिकाको आधार" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुसंगको सहकार्य र साझेदारीमा साक्षरता कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरि यस गाउँपालिकामा निरक्षरता उन्मुलन गरिने छ ।

२. "लक्ष्मीपुर पतारी गाउँपालिका नामक" स्थानीय विषय शिक्षाको पाठ्यक्रम तर्जुमा गरि लागु गरिने छ ।

३. यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई दिदै आईएको मासिक रु ७ हजार अनुदानलाई निरन्तरता दिईने छ।

४. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थय, खानेपानी तथा सरसफाईको सुविधालाई बिस्तार गरिने छ ।

५. "विद्यालय शिक्षाको परिपुरक अतिरिक्त क्रियाकलाप" भन्ने मान्यतालाई मध्यनजर गर्दै विभिन्न शिर्षकमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरि वालवालिकाको अन्तरनिहित क्षमतालाई प्रस्टफुटन गरिने छ ।

६. दलित, गरिब तथा अतिविपन्न बस्तिमा यस गाउँपालिकाको रोजगार सेवा केन्द्र संग समन्वय र सहकार्य गरि निःशुल्क ट्युशन कक्षा सञ्चालन गरिने छ ।

७. यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले क्रमशः कक्षा ८ ,कक्षा १० र कक्षा १२ को अन्तमा लिईने BLE, SEE र SLC परीक्षामा सहभागी भई सर्वोत्कृष्ट स्थान प्राप्त अर्थात गापाप्रथम गर्ने छात्रा र. छात्रलाई सम्मान तथा पुरस्कृत गरिने छ ।

८. शिक्षकहरुको पेशागत दक्षता विकासका लागि शिक्षक तथा वालविकास सहजकर्ताहरुको क्षमता विकास तालिम सञ्चालन गरिने छ ।

९. विषयगत विज्ञ समुह मार्फत गुणस्तरीय शिक्षामा अभिबृद्धि गर्न विद्यालय स्थलगत अनुगमन तथा निरीक्षण कार्यमा निरन्तरता दिईने छ ।

१०. गुणस्तरिय शिक्षा अभिवृद्धि तथा सुधारको लागी यस गाउँपालिका भित्र संचालित सम्पुर्ण सामुदायिक तथा संस्थागत बिद्यालयहरुको कक्षा- ८ को आधारभुत तह उतिर्ण परिक्षाको परिक्षाकेन्द्र सम्बन्धित बिद्यालयमा नतोकि गापाले तोके बमोजिम परिक्षा केन्द्र त ोकिने र सो संग सम्बन्धित उत्तरपुस्तिका गा.पा. मा झिकाई परिक्षण गराई नतिजा प्रकाशन गरिने छ साथै

अन्य कक्षाको परीक्षाकेन्द्र सम्बन्धित बिद्यालयमा तोकि गापा स्तरिय अर्धबार्षिक तथा बार्षिक परिक्षा संचालन गरिने छ ।

११.राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा अन्तर बिद्यालय स्तरिय खेलकुद प्रतियोगिता कार्यक्रम संचालन गरिने छ ।

१२. आधुनिक शैक्षिक प्रविधि तथा गुणस्तरिय शिक्षामा अभिवृद्दि गर्न एक विद्यालय एक कम्प्युटर शिक्षक नियुक्ति तथा व्यवस्थापन गरिने छ ।

१३. बार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरि सम्पुर्ण शैक्षिक गतिबिधि र क्रियाकलाप समेटिनेगरि बिद्यालय संचालनमा एकरुपता ल्याईने छ ।

१४. स्थानिय स्तरको संस्कृति र मौलिकता झल्किने गरि चेतनामुलक कार्यक्रम साथै बाल बिवाह, लागु औषध, दुर्व्येसन, दहेजप्रथा लगायतका कुप्रथा रोक्न सो संग सम्बन्धित सडक नाटक जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१५.यस गाउपालिका भित्र संचालित सम्पुर्ण बिद्यालयहरुको शैक्षिक सुधारको लागि School Management Software र E-Attendance System जडान गरीनेछ ।

<u>लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम</u>

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
३. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
४. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
५. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
६. अपाङ्गता शिविर संचालन गरिने छ ।
७. “क” बर्गका पुर्ण अपाङ्गता भएका व्यक्तिको अवस्था अध्ययन गरि ह्विल चेयर तथा बैशाखिको व्यवस्था गरिने छ ।

**स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

<u>“गाउँपालिका संग स्वास्थ्यकर्मि” हातेमालो गर्दै “स्वास्थ्य जनता स्वस्थ्य गाउँपालिका” कार्यक्रम संचालनको लागी आवश्यक व्यवस्थाहरु</u>

१. स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरुलाई प्रभावकारी तथा व्यवस्थित गर्न आवश्यक न्यूनतम आवश्यकताहरु पुरा गरिनेछ ।
२. बाल बालिकाहरुलाई विभिन्न खोपहरुको नियमितता दिदै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम राख्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३.  जनसमुदायहरुलाई टोल समुदायमानै स्वास्थ्य सेवाहरु पुरयाउन खोप तथा गाउँघर क्लिनिक बाट संचालन हुने सेवाहरुलाई नियमित र व्यवथित संचालनको लागी कर्मचारी खटन लगायत आवश्यक व्यवस्था हुनेछ।

४. महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुले दिदै आएको सेवाहरुको उच्च सम्मान गर्दै निजहरुलाई प्रोत्साहन रकमको व्यवस्थापनको साथै राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका निर्देशिका बमोजिम ६० वर्ष उमेर पुरा गरिसकिएका तथा राजिनामा नदिइएका म.स्वा.स्वयं से.हरुलाई आ.व.२०८०।८१ देखि कामकाजमा लगाईने छैन ।

५. स्वास्थ्य आमा समुहलाई सकृय संचालन तथा शर्सत अनुदानबाट अपुग हुने महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रममा आवश्यक थप रकमको व्यवस्थापन गरि कार्यक्रम संचालन गरिनेछ।

६. स्वास्थ्य संस्थाहरुबाट सेवाग्राहिहरुलाई वर्षै भरि निःशुल्क औषधि वितरणको लागी थप आवश्यक रकमको व्यवस्थापन गरिनेछ ।

७. स्वास्थ्य संस्थाहरु बाट प्रवाह हुने सेवाहरुको गुणस्तरको लागी मासिक,चौमासिक,अर्धबाषिक एवं वार्षिक समिक्षा तथा डाटा भेरिफिकेशन र अनुगमन समेत गरि समस्याको पहिचान तथा सामाधानको कार्यहरु गरिनेछ ।

८. स्थानिय सरकार र प्रदेश सरकारको सहकार्यमा संचालित लक्ष्मीपुर पतारी जनस्वास्थ्य प्रयोगशाला नियमितताको लागी आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

९. संचालित बर्थिङ्ग सेन्टरहरुको सेवा नियमित गर्दै २४सै घण्टा गुणस्तरीय सेवाको लागी आवश्यक व्यवस्थाहरु मिलाईनेछ ।

१०. गर्भवतिहरु लाई प्रसुति सेवाको लागी बर्थिङ्ग सेन्टर सम्म ओहर दोहर गर्न निःशुल्क एम्बुलेन्स सेवा प्रभावकारी रुपले संचालन गरिनेछ । गर्भवति,सुत्केरी तथा नवजात शिशुहरुको जाँच,उत्प्रेरणा तथा प्रोत्साहनको आवश्यक कार्यहरु गरिनेछ ।

११. क्षयरोग,कुष्ठरोग, औलो कालाजार, कोभिड–१९, विभिन्न सरुवा रोगहरु लगायत विविध कार्यक्रमहरु संचालन गरि जनस्वास्थ्य समस्याहरु लाई न्यूनिकरण गरिनेछ ।

१२. निजि स्वास्थ्य संस्था,क्लिनिक,एम्बुलेन्स लगायत सेवाहरु व्यवस्थित गर्न गराउन आवश्यक निति, कार्यबिधि लागु गरिनेछ । साथै निजि क्षेत्र र गैर सरकारी संस्थाहरु संग सहकार्यको नितिलाई निरन्तरता दिइनेछ ।

१३. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ ।

१४. सामुदायिक विधालयहरुमा विधार्थिहरुको स्वास्थ्य शिक्षा तथा नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइने छ ।

१५. नेपाल रेडक्रस सोसाइटी, उप शाखा कार्यालय तथा जिल्ला रक्त संचार सेवा केन्द्र,लहान संग सहकार्य गरी गरिब, अति विपन्न विरामीहरुलाई रक्त संचार सेवालाई सहज तुल्याइनेछ ।

१६. सिमान्तकृत, गरिव तथा पछाडी परेका अति विपन्न जनसमुदायलाई निःशुल्क स्वास्थ्य बिमा गरिनेछ।

१७. विभिन्न संध संस्थाहरु संग समन्वय र सहकार्य गरि निःशुल्क आँखा जाँच तथा जेष्ठ नागरिक स्वास्थ्य परिक्षण तथा उपचार शिविरहरु संचालन गरी लक्षित वर्गहरुलाई स्वास्थ्य सेवा प्रदान गरिनेछ।

१८. स्वास्थ्य संस्थाहरुको लागी आवश्यक भौतिक पुर्वाधार व्यवस्थापन तथा मर्मतका आवश्यक व्यवस्थाहरु मिलाइनेछ ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गरिनेछ ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

**क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

३. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

४. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

५. गाउँपालिका र वाहिर अन्य गाउँपालिका संग सहकार्य गरी नेपाल पर्यटन बोर्डको सहलगानीमा साविकका प्याकेजमा सुधार सहित नयाँ प्याकेजको निर्माण तथा कार्यान्वयन गरिनेछ।

६. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
७. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।
८. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।
२. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।
३. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।
४. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।
५. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।
६. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, करार खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।
३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

### ३. श्रम तथा रोजगार सम्बन्धि नीति

१. रोजगार सेवा केन्द्रलाई थप जनमुखि, उत्तरदायी र जवाफदेहि बनाउदै लगिनेछ ।

२. लक्ष्मीपुर पतारी गाउँपालिकाको रोजगार रणनिति योजना, २०८० लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक श्रोत व्यवस्थापनको व्यवस्था गरिनेछ ।

३. आन्तरिक रोजगारीका अवसरहरुमा बृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्साङ्कन गरिनेछ ।

४. दक्ष, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति उत्पादन तथा आन्तरिक रोजगारीलाई प्रबर्धन गर्न बेरोजगारहरुलाई आवश्यक सीपमूलक एवं रोजगारमूलक तालिमको व्यवस्था मिलाईनेछ ।

५. गाउँपालिका भित्रका दक्ष जनशक्तिहरुलाई सूचिकृत गरि गाउँपालिका भित्रै रोजगारीमा स्थानान्तरण गर्ने वयवस्था मिलाईनेछ ।

६. श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्न सरोकारवाला निकायहरु संग समन्वय र सहकार्य गरिनेछ ।

७. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषण मुक्त बनाउन वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको सहजताको लागि पूर्व प्रस्थान अभिमुखीकरण तालिम संचालनको आवश्यक सहजीकरण गरिनेछ ।

८. रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई गाउँपालिकाबाट संचालित आयोजनाहरुमा संलग्न गराई न्यूनतम रोजगारीको प्रत्याभुति गरिनेछ ।

९. गाउँपालिकाबाट हुने श्रम स्वीकृतिलाई अझ बढी प्रभावकारी बनाईनेछ ।

### ४. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. "सुचना तपाईको अधिकार" भन्ने मर्मलाई कार्यान्वयन गरी सुशासन अभिबृद्धि गरिनेछ ।

२. गाउँपालिका प्रोफाईलको तथ्याङ्कलाई अद्यावधिक गरिनेछ ।

३. सुरक्षित र प्रविधिमैत्री गाउँपालिका निर्माणका लागि गाउँपालिकाका सबै वडाको मुख्य मुख्य चौक तथा गाउँपालिकाको केन्द्रमा फ्रि वाईफाई जडान गरिनेछ ।

४. सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न शर्भरको व्यवस्था गरी संचालनमा ल्याईनेछ ।

५. स्मार्ट सुचना पाटीको व्यवस्थालाई वृद्दि गरिनेछ ।

६. सम्पुर्ण वडालाई ईन्टरनेटको सञ्जालबाट गाउँ कार्यपालिकाबाट नियमन गरिनेछ ।

७. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

८. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

९. E-governance को अवधारना बमोजिम गाउँपालिकाको क्रियाकलापलाई लगिने निति लिइनेछ।

### ५. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## ६. सुशासन , सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको फाँटवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

९. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

१०. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ।

११. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१२. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१३. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१४. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ७. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

८. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

९. खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

७. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

**८. भौतिक पूर्वाधार विकास (वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१. आ.व. २०८०।८१ मा १० किलो मिटर कालोपत्र सडक निर्माण कार्य उच्च प्राथमिकतामा राखि अगाडि वढाईनेछ ।

२. कृषि विधुतिकरण कार्य सवै वडामा यसै आ.व मा सम्पन्न गर्ने गरि कार्य अगाडि बढाईनेछ ।

३. गाउँपालिकाको मुख्य केन्द्रलाई सवै वडासंग जोडने मुख्य सडकका साथै पालिकाको ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्वका स्थलहरुसंग जोड्ने सडकहरुलाई उच्च प्राथमीकतामा राखी स्तरोन्नतिको कार्य अगाडी वढाईनेछ ।

४. पालिकाभित्र आवश्यता अनुसार सडक बत्तीको व्यवस्था मिलाईनेछ ।

५. पालिका क्षेत्र भित्रका भिडभाड हुने सार्वजनिक स्थल चौक चौरहाहरुमा प्रतिक्षालयको प्रबन्ध मिलाईनेछ ।
६. निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण गर्ने मेसिन खरिद गरि प्रयोगशालाको स्थापना गरिनेछ ।
७. सार्वजनिक जगा र सडक अधिकार क्षेत्रको संरक्षणमा विषेश जोड दिईनेछ ।
८. शहरी योजना तथा भवन निमार्ण मापदण्ड (Building bye-laws) र राष्ट्रिय भवन संहिता (National Building Code) बमोजित नियन्त्रित शहरिकरण तथा वसोवास र भूकम्प प्रतिरोधात्मक घर/भवन निर्माण कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
९. पालिका भित्र आवश्यता अनुसार कृषि सडक निर्माण कार्यलाई उच्च प्राथमित्कामा राखि अगाडि बनाईनेछ ।
१०. पालिका भित्र निर्माणधिन रहेका अधुरो विधालय भवन, वाउन्ड्रीवाल र चर्पी पुरा गर्ने कार्य प्राथमिकतामा राखि अगाडि वढाईनेछ ।

**९. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।
२. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।
३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
४. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।
५. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समय सीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।
६. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।
७. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।
८. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।
९. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

## १०. पंजिकरण सेवा ईकाई सम्बन्धी निति

१. सामाजिक सुरक्षा भत्ता समयमै उपलब्ध गराउन बैंक संग सहकार्य गरिने छ ।

२. हाल ७४% मात्र रहेको व्यक्तिगत घटना दर्ता लाई आ.व. २०८०।८१ मा शतप्रतिशत पुर्याईने छ ।

३. बालपोषण भत्ता सदुपयोग सम्बन्धि अभिभावक सचेतना कार्यक्रम संचालन गरिने छ ।

४. जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिने छ ।

## ११. पशु बिकाश सम्बन्धी निति

१. हिऊँदे तथा  बहु बर्से घाँस खेतिमा जोड़ दिई पशु पालनमा लागत मुल्य घटाई आय , बर्षे. बृधि   कार्यक्रम गरिने छ ।

२. पशु बस्तुहरुमा लाग्ने बिभिन्न रोगहरुको विरुद्ध खोप कार्यक्रम संचालन गरिनेछ ।

३. गाअन्तर्गत रहेका पशुहरु लाई निशुल्क रुपमा औषधि उपचारको लाग .पा.ि आबस्यक औषधिहरु खरिद गरिने छ ।

४. माछाअन्तर्गतका किसानहरुको लागि जनचेतना .पा.तथा पशु बिमा सम्बन्धि गा,पशु पन्छी, अभिबृधिको लागितालिम कार्यक्रम संचालन गरिने छ ।

५. पशुहरुमा परजिबी नियन्त्रणको लागि पशु स्वास्थ्य शिबिर गा भरि संचालन गरिने छ ।.पा.

६. ब्यबसायिक रुपमा पशु पालन गरिरहेका कृषकहरुको लागि राहत कार्यक्रम संचालन गरिने छ।

७. आकस्मिक रुपमा पशु बस्तुहरुमा रोग देखा परेको अबस्थामा उपचारकोको लागि आबस्यक कार्यक्रमहरु गरिने छ ।

८. जन चेतनाको लागि पशु पन्छी रोग सम्बन्धि स्कुल शिक्षा कार्यक्रम संचालन गरिने छ ।

९. बन्ध्यकरण को लागि औजार खरिद गरिने छ ।

१०. कृषकहरुको राहतको लागि ५० प्रतिशत अनुदानमा च्यापकटर मशिन वितरण कार्यक्रम गरिने छ।

११. बाख्राको नस्ल सुधारको लागि सबै वडाहरुमा उन्नत जातको बिऊ बोका वितरण गरिने छ ।

१२. रेबिज रोजको लागि आबस्यक औषधिको ब्यबस्था गरिने छ ।

## १२. आयुर्वेद स्वास्थ्य निति

१. प्रत्येक वडामा  स्वस्थ जिवन जिउन तथा नसर्ने रोग प्रमेह , रक्तचाप, अम्लपित, क्यान्सर, कमला जस्ता  रोगहरु बाट बच्न जनचेतना दिनको लागि  स्वस्थ्यकर जिवन शैली कार्यक्रम संचालन गरिनेछ ।

२.  सम्पुर्ण जनसमुदयलाई आयुर्वेद पद्धितको उपचार व्यवस्थापनको लागि आयुर्वेद आषधी  खरिद गर्न थप बजेटको ब्यबस्था गरिने छ ।

३. यस गा. पा. अनर्तगत ६ वटा वडा मध्ये कुनै एक वडामा आयुर्वेद विशेष सेवा दिनको लागि नि;शुल्क आयुर्वेद स्वास्थय   शिविर संचालन गरिने छ।

४. स्थानिय जनता लाई जडीबुटी परिच्यात्मक कार्यक्रम सबै वडामा संचालन गरी हाम्रो गाउँघर, छरछिमेक, खेतखलियान स्थानिय रुपमा पाईने जडीबुटी हरुवारे जानकारी गराउन कार्यक्रम संचालन गरिने छ ।

५. यस गा.पा. अनर्तगत ६ वटा वडामा आयुर्वेद विशेष सेवा दिनको लागि गाउँघर शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम संचालन गरिने छ ।

६. आम जनतालाई स्वतन्त्र जिवन जिउन उत्प्रेना गर्न र नसर्ने रोग बाट बाच्नको लागि प्रत्येक वडामा १/१ पटक स्वास्थवृत तथा योग शिविर सेवा कार्यक्रम संचालन गरिने छ ।

७. यस गा.पा. अनर्तगत रहेका जनसमुदायलाई एक घर पाँच योग पाँच जडीबुटी कार्यक्रम संचालन गरी योग अभ्यास र पाँच जडीबुटी वितरण कार्यक्रम संचालन गरिने छ ।

८. जेष्ठनागरिकहरुलाई स्वास्थ्य सुरक्षा, जिवन यापन सरल तरिकाले निर्वाह गर्नको निम्ति तथा प्रशुती महिलाहरुको स्वास्थ्य सुरक्षा र शिशुहरुलाई कुपोषित हुनबाट बचाउनको लागि जेष्ठनागरिक तथा स्थनपायी महिलाको लागि शिविर कार्यक्रम संचालन गरिने छ ।

**१३. लघुउधम बिकाश**

१. गरिबि न्युनिकरणका लागी लघुउधम कार्यक्रम लाई प्रभावकारी रुपमा संचालन गरिने छ ।

२. यस कार्यक्रम मार्फत तालिम लिएका व्यक्तिहरुलाई उधमी बनाउन आवश्यक पहल गरिने छ ।

३. बिपन्न गरिब, दलित र उधमी बन्न चाहने व्यक्तिहरुलाई शिपमुलक तालिम संचालन गरिनेछ ।

अन्त्यमा,

प्रस्तुत निति तथा कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवम् परोक्ष रुपमा अमुल्य सुझाव एवम् सहयोग पुर्याउनु हुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, माननीय मन्त्री सांसद ज्युहरु, वडा अध्यक्ष एवम् सबै सदस्यज्यूहरु, सबै राजनितिक दलका प्रमूख एवम् प्रतिनिधिज्यूहरु, बिषयगत समितिहरु, बिषयगत कार्यालयहरु, सुरक्षा निकाय एवम् सरकारी कार्यालयहरु, गैरसरकारी संस्थाहरु, उद्योगी व्यवसायीहरु, सञ्चारकर्मीहरु, नागरिक समाज, आम गाउँपालिका बासीहरु र गाँसभा तयारीका लागि अहोरात्र खटिने प्रमूख प्रशासकीय अधिकृत, लेखापाल लगायत गाउँकार्यपालिकाका सबै कर्मचारीहरु प्रति अभार प्रकट गर्दै **“सुन्दर समुन्नत र सभ्य लक्ष्मीपुर पतारी गाउँपालिका” अभियानमा ऐक्यबद्धता तथा सहयोगको अपेक्षा सहित बिदा हुन्छु ।**

**धन्यवाद**

**चतुरानन्द ठाकुर**

**गाउँपालिका अध्यक्ष**